नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १४६ २०७९ साल पुस २३ गते शनिबार (7 Jan. 2023 Saturday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : स्थानीय तहका उपप्रमुखको गुनासो ३ पृष्ठमा : भुक्तानी सेवा दिने कम्पनीको ... ३ पृष्ठमाधार्मिकस्थल द्वन्द्वमुक्त हुनु..

# अत्याधिक चिसोका कारण एकको मृत्यु, विपन्न वर्ग मारमा



**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

केही दिनदेखी शितलहर चलेपछि जनजीवन कष्टकर बन्दा शुक्रबार सप्तरीमा एक जनाले ज्यान गुमाउनु परेको छ ।

जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका ४ का ४५ वर्षिय राजु भनिने राजकुमार सदाको चिसोले कठयांग्रीएर ज्यान गएको वडा अध्यक्ष मुनिलाल मुखियाले जानकारी दिएका छन् । राति खाना खाएर सुतेका उनी बिहान ओछ्यानमै मृत अवस्थामा फेला परेका थिए ।

अति विपन्न परिवारका उनी खुल्ला ठाउँमा रहेका एलानी जग्गामा फुसको झुप्रोमा ६ सन्तान सहित बसोवास गर्दै आएका थिए । दुई वर्ष अघि उनको श्रीमतीको रोग लागेर मृत्यु भएको थियो । दुई वर्षको अन्तरालमा बुवा पनि गुमाउँदा पुग्ला सदाको तीन नावालक छोरा र तीन छोरीको बिचल्ली भएको छ ।

यता बिहानैदेखी बाक्लो हुस्सु र चिसो हावाका कारण स्थानीयको दैनिक जीवन कष्टकर बनेको छ । शितलहर बढेपछि सार्वजनिक स्थलमा दाउरा बालेर आगो ताप्नेक्रम पनि बढेको छ ।

दिउँसो भन्दा विहान र बेलुका धैरै चिसो महशुस हुने गरेको छ । विहानैदेखी चल्ने शितलहर र हुस्सुका कारण घरबाट मानिस कमै निस्किदा सडकमा चलहपहल निकै घटेको छ । अस्पताल तथा स्वास्थ्य चौकीहरुमा दम, झाडापाखा, रुघाखोकीका विरामीको चाप समेत बढेको स्वास्थ्यकर्मीहरु बताउँछन् ।

चिसोबाट विशेष गरी अतिविपन्न, मुसहर र दैनिक ज्यालादारी गरेर गुजारा चलाउने परिवार सबै भन्दा बढी प्रभावित भईरहेका छन । शरीर ढाक्ने पर्याप्त न्यानो लुगा नरहेको तथा अर्कोतिर अत्याधिक चिसोले काममा जान नपाउँदा हात मुख जोर्न उनीहरुलाई समस्या भएको छ ।

चिसो कै कारण क्षति नहोस भन्ने उद्देश्यले क्षती न्युनिकरण गर्न आवश्यक उपायका लागी जिल्लाका सबै स्थानीयतह सँगको समन्वय गरि स्थानीय प्रशासनले दाउरा बाल्ने जोहो गरेको छ ।

# सावा व्याज चुक्ता गरेपनि धितो फिर्ता नगरेको आरोप मिटरब्याजी साह पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**



सप्तरीको डाक्नेश्वरी नगरपालिकाका एक व्यक्ति चर्को मिटरव्याज असुली गर्ने गरेको आरोपमा पक्राउ परेका छन् ।

सर्वसाधारणको जग्गा र सुन चाँदी राखेर चर्को मिटर व्याजमा ऋण दिने र कतिपयको सावाँ व्याज लिइसकेपनि धितो फिर्ता नगरेको आरोपमा डाक्नेश्वरी नगरपालिका १ कविलासाका ५५ वर्षिय चन्द्रकान्त साह पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पक्राउ परेका साहलाई सप्तरी जिल्ला अदालतबाट शुक्रवार ठगी तथा अपराधीक विश्वासघात मुद्दामा म्याद थपेर अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी समेत रहेका डिएसपी नरेश कुमार सिंहले जानकारी दिएका छन् ।

पछिल्लो पटक सोही नगरपालिका १ निवारी स्व. मो. युसुफका छोरा मो. अफताब आलमको जाहेरीको आधारमा व्यवसायी साहलाई पक्राउ गरिएको उनले जानकारी दिए ।

सोही मुद्दाका अर्का आरोपी जगरनाथ साहको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ । मिटर व्याज पीडित आफताब आलमका अनुसार अत्यावश्यक काम परेर उनका बुवा युसुफले आफ्नो ५ कठ्ठा १४ धुर जग्गा धितो राखेर २०७३ साल फागुन १ गते चन्द्रकान्त सँग १० लाख रुपैयाँ ऋण लिएका थिए । ऋण दिदा साहले दोब्बर रकमको कागज मात्र गराएनन् ५ कठ्ठा १४ धुर जग्गा मालपोत कार्यालय राजविराजमा लिखत पास नै गराए बताए ।

जिल्लाकै अर्को मिटरब्याजी खडक नगरपालिकाका साहुकार रामदेव साहको मिटर ब्याजमा फसेर घरवार विहिन भएकाहरु अहिले पनि दिनहूँ जसो सडक प्रदर्शन गर्दै आएका छन् । सप्तरीमा मिटर ब्याजमा फसेकाहरुको सूची लामो बन्दै गएको छ । जसमध्ये २ जना पुर्पक्षका लागि राजविराज कारागारमा छन भने उक जना अनुसन्धानका लागि प्रहरी नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसअघि मिटर ब्याजीहरुकै कारण सप्तरीको छिन्नमस्ता गाउँपालिकाका २५ वर्षिय संजीव मिश्रले आत्महत्या नै गरेका थिए ।

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# पुसी पूर्णिमाको अवसरमा आधा दर्जन बढी पालिकाले दिए सार्वजनिक विदा



**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

पुसी पुर्णिमाको अवसरमा सप्तरीका आधा दर्जन भन्दा बढी पालिकाले शुक्रबार सार्वजनिक बिदा दिएको छ ।

यस अवसरमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका, कंचनरुप नगरपालिका, सप्तकोशी नगरपालिका, राजविराज

*बाँकी तीन पृष्ठमा*

# स्थानीय तहका उपप्रमुखको गुनासो : अधिकार दिइएन

काठमाडौँ, २२ पुस (रासस)।

स्थानीय तहका उपप्रमुख एवं उपाध्यक्षहरुले आफूहरुलाई अधिकार सम्पन्न नबनाइएको भन्दै गुनासो गर्नुभएको छ। स्थानीय तहअन्तर्गत गठन हुने न्यायिक समिति सफल भयो भने आफैँ असफल होइन्छ कि भन्ने सङ्कुचित सोचका कारण अध्यक्ष उपप्रमुखबाटै आफूहरु पीडित भएको उहाँहरुले आरोप लगाउनुभयो।

नीति अनुसन्धान प्रतिष्ठानले शुक्रबार यहाँ आयोजना गरेको ‘स्थानीय तह न्यायिक समिति कार्यसम्पादन’ विषयक नीति संवाद कार्यक्रममा सहभागी जनप्रतिनिधिले आफैँ अधिकारविहीन भएको गुनासो पोख्नुभएको हो।

नागर्जुन नगरपालिकाका उपप्रमुख सुशीला अधिकारीले न्यायिक निरुपणमा प्रमुखले उपप्रमुखलाई असहयोग गर्ने गरेको भन्दै न्यायिक समितिलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले स्थानीय तहलाई अधिकार सम्पन्न बनाइनुपर्ने पनि खाँचो औँल्याउनुभयो।

कार्यक्रममा बोल्दै अधिकांश उपाध्यक्ष तथा उपप्रमुखहरुले न्यायिक निरुपणका लागि आवश्यक बजेट तथा दक्ष कर्मचारीको अभावमा न्यायिक सम्पादनमा व्यवधान बेहोर्नुपरेको भन्दै स्थानीय तहमा न्यायिक समितिलाई बलियो बनाइनुपर्नेमा जोड दिनभएको थियो।

विदुर नगरपालिकाका उपप्रमुख प्रभा बोगटीले स्थानीय तहमा न्यायिक निरुपणको जटिलतालाई ध्यान दिइ कानून विषयको ज्ञान भएको कर्मचारीको व्यवस्थापन गर्न माग गर्नुभयो।

कतिपय उपप्रमुख एवं उपाध्यक्षले स्थानीय तहमा अध्यक्ष र प्रमुखबाटै अधिकार कार्यान्वयन र सेवा प्रवाहमा पीडित हुनु परेकोसमेत उहाँहरुको गुनासो छ। पालिका प्रमुखले कानुनी सल्लाहकारमा आफ्ना मान्छे नियुक्ति गर्ने र न्यायिक निरुपणमा उपप्रमुखलाई असहयोग गर्ने प्रवृत्ति रहेको अधिकांश उपाध्यक्ष तथा उपप्रमुखहरुले दुखेसो पोख्नुभयो।

कमलामाई नगरपालिकाका उपप्रमुख मञ्जु सापकोटाले न्यायिक समितिलाई व्यवस्थित र प्रभावकारी बनाउन सबै स्थानीय तहमा कानुनी सल्लाहकारको व्यवस्थासहित इजलाको व्यवस्था गरिनुपर्नेमा जोड दिनुभयो।

भगवतीमाई गाउँपालिका दैलेखका उपप्रमुख मीनाकुमारी खड्काले न्याय दिने समितिबाटै न्याय नपाएर अन्यायमा पर्ने अवस्था रहेको बताउनुभयो। भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले मेलमिलापको विधिअनुरुप न्यायिक निरुपण हुनुपर्ने धारणा राख्नुभयो।

रामारोशन गाउँपालिका अछामका निवर्तमान उपाध्यक्ष एवं गाउँपालिका महासङ्घ सुदूरपश्चिमका कोषाध्यक्ष सरस्वती रावलले स्थानीय तहमा कानूनी सल्लाहकारको अनिवार्य व्यवस्था गर्न माग गर्नुभयो।

गणेशनाथ नगरपालिकाका धनुषाका उपप्रमुख तुलसानाथ पाण्डेले जनप्रतिनिधिको अधिकार सुनिश्चित भएमात्रै सामाजिक न्यायको कार्यसम्पादनमा सहज हुने धारणा राख्नुभयो। गौशाला नगरपालिकाका उपप्रमुख रेनु कुमारीले नगरप्रमुखले कानुनी सल्लाहकार नियुक्त गरे पनि उपप्रमुखलाई न्यायिक निरुपणमा वास्ता नगर्ने गरेको सुनाउनुभयो।

बनेपा नगरपालिकाकाका उपप्रमुख विमला सापकोटा दाहालले उपप्रमुखको जिम्मेवारी व्यस्त रहने भन्दै न्यायिक समितिको क्षेत्राधिकारलाई फराकिलो बनाएर न्यासम्पादनमा सहजता ल्याउनुपर्ने सुझाउनुभयो।

स्थानीय तहका उपप्रमुखको गुनोसो सुनेपछि काठमाडौँ महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोलले देशको ठूलो र सुविधासम्पन्न महानगरपालिकामै न्यायिक निरुपणका लागि दक्ष कर्मचारीको व्यवस्था हुन नसकेको बताउनुभयो।

“काठमाडौँ महानगरपालिका देशकै राजधानी सहर हुँदाहुँदै पनि हामीले कानून पढेको न्यायिक समिति हेर्ने कर्मचारी पाउँदैनौँ”, उहाँले भन्नुभयो, “त्यसैले न्यायिक समितिको अधिकार घटाउने होइन, बरु प्रशासनिक अधिकार बढाउनेतर्फ ध्यान दिनुपर्छ।”

उपप्रमुख कुनै पनि विवाद आएमा पहिले मेलमिलाप प्रक्रियाबाट समाधान गर्ने त्यो नभए न्यायिक प्रक्रियाबाट अघि बढ्दा उपयुक्त हुने उहाँले उल्लेख गर्नुभयो। उच्च अदालतका पूर्वमुख्य न्यायाधीश केशरीराज पण्डितले संविधानले व्यवस्था गरेको तीन तहको अदालत स्थानीय तहसम्म अझै पुग्न नसकेको भन्दै सङ्कीर्ण सोचको अन्त्य गरी न्यायप्रणाली स्थानीय तहको पहुँचमा पुऱ्याइनुपर्ने धारणा राख्नुभयो।

प्रतिष्ठानका कार्यकारी अध्यक्ष विष्णुराज उप्रेतीले सङ्घीय र प्रदेश सरकारसँग छलफल गरेर आवश्यक रायसुझावका आधारमा नीति बनाइएको भन्दै देशभरका स्थानीय तहलाई नीतिगत प्रक्रियासँगै संरचना पनि अपरिहार्य भएको उल्लेख गर्नुभयो।

प्रशासकीय प्रबन्ध तथा सङ्घीय मामिला नीति अध्ययन केन्द्रका अनुसन्धानकर्ता डा मुक्तिराम रिजालले स्थानीय तहका न्यायिक समितिलाई सबल र प्रभावकारी बनाई जनप्रतिनिधिलाई न्याय निरुपणबारे प्रशिक्षित गर्न जरुरी भएको औँल्याउनुभयो।

स्थानीय तहअन्तर्गतका नगरपालिकाका उपप्रमुख र गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने संवैधानिक व्यवस्था छ। देशभरका सात सय ५३ वटै स्थानीय तहका उपप्रमुख र उपाध्यक्षलाई काठमाडौँमा बोलाएर एकदिने नीति संवाद कार्यक्रम गरेको हो।

# आइतबारदेखि सातै प्रदेशबाट श्रम स्वीकृति

काठमाडौँ, २२ पुस (रासस)।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले काठमाडौँबाट मात्रै प्रदान गर्दै आएको संस्थागत र व्यक्तिगत श्रम स्वीकृति सेवा सातवटै प्रदेशस्तरबाट प्रदान गर्ने भएको छ। यसै सिलसिलामा श्रम तथा रोजगार कार्यालय विराटनगर र जनकपुरबाट पनि आगामी आइतबारदेखि संस्थागत र व्यक्तिगत श्रम स्वीकृति प्रदान हुने मन्त्रालयले जनाएको छ।

यसअघि पुनः श्रम स्वीकृति मात्रै हुँदै आएका यी कार्यालयबाट यही पुस २४ गतेदेखि संस्थागत र व्यक्तिगत श्रम स्वीकृति पनि प्रदान हुने श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालले जानकारी दिनुभयो। उहाँका अनुसार वैदेशिक रोजगार कार्यालय पोखरा र बुटवलबाट केही समयअघि देखि नै संस्थागत, व्यक्तिगत र पुनः श्रम स्वीकृति सेवा प्रदान हुँदै आएको छ।

श्रम तथा रोजगार कार्यालय सुर्खेत र कैलालीको धनगढीबाट पनि पुनः श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृति प्रदान हुन थालेको छ। आगामी आइतबारदेखि विराटनगर र जनकपुरमा रहेका श्रम तथा रोजगार कार्यालयबाट समेत सबै किसिमका श्रम स्वीकृति पाइने व्यवस्था हुने भएको सह-सचिव तथा प्रवक्ता डण्डुराज घिमिरेले बताउनुभयो। उहाँका अनुसार योसँगै अब सातै प्रदेशबाट सबैखाले श्रम स्वीकृति लिन सकिने व्यवस्था भएको छ।

मन्त्रालयले एक प्रेस विज्ञप्ति प्रकाशित गरी श्रम स्वीकृति लिनका लागि भौतिक रुपमा कार्यालयमै उपस्थित हुनुपर्ने र विभिन्न झन्झट हुने समस्यालाई हटाउँदै अनलाइनमार्फत नै सबैखाले श्रम स्वीकृति लिन सकिने व्यवस्था भएको जनाउँदै श्रम कार्यालय विराटनगर र जनकपुरबाटसमेत सहज रुपमा सेवा लिन अनुरोध गरेको छ।

कम्प्युटर प्रणालीबाट नै निर्धारण हुने मिति र समयका आधारमा स्वीकृति प्रदान गर्ने प्रणाली भएकाले समयमै आवेदन नदिने र अन्तिम समयमा श्रम स्वीकृति लिन खोज्दा समस्या हुँदै आएको छ। त्यसैले श्रम स्वीकृतिका लागि समयमा नै अनलाइन आवेदन दिएर बिना झन्झट सेवा लिन मन्त्रालयद्वारा प्रकाशित उक्त विज्ञप्तिमा उल्लेख गरिएको छ। पछिल्लो समय श्रम मन्त्रालय र यस मातहतका निकायबाट प्रदान हुने सेवालाई छिटो र सरल रुपमा लिन मिल्ने गरी अनलाइन प्रणालीको विकास गरिएको जनाइएको छ।

अनलाइनमार्फत नै नागरिकलाई सहज रुपमा सेवा प्रदान गर्न सफल भएकै कारण वैदेशिक रोजगार विभागले लिभिङ विथ आइसिटी नामक संस्थाबाट सर्वोत्कृष्ट पुरस्कारसमेत पाएको श्रम मन्त्रालयको उक्त प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ। साथै मन्त्रालयले उक्त विज्ञप्तिमार्फत आउँदा दिनमा समेत थप सुधारको प्रक्रिया अघि बढाउने जनाएको छ।

# प्रभु र सेञ्चुरी बैंकको एकीकृत कारोबार पुस २६ देखि

काठमाडौँ, २२ पुस (रासस)।

प्रभु बैंक र सेञ्चुरी कमर्सियल बैंकको एकीकृत कारोबार यही पुस २६ देखि हुने भएको छ।

नेपाल राष्ट्र बैंकले शुक्रबार एक सूचनामार्फत् प्रभु बैंक लिमिटेडले सेञ्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गरी एकीकृत कारोबार यही पुस २६ देखि गर्ने गरी तय भएको जनाएको हो। दुई बैंक एकआपसमा गाभिएपछि प्रभु बैंकका नामबाट एकीकृत कारोबार हुनेछ।

राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था एकआपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौँ संशोधन २०७९) को विनियम ११ को उप-विनियम (७) बमोजिम रहेको जनाएको छ।

दुवै बैंकबीच एक बराबर एक अनुपातमा मर्ज हुने भएका हुन्। मर्जरपछि बैंकको प्रमुख कार्यकारी अधिकृत (सीइओ)मा प्रभु बैंकका अशोक शेरचन र डेपुटी सीइओमा सेञ्चुरी बैंकका सीइओ मनोज न्यौपाने बन्नेछन्।

प्रभु बैंक र सेञ्चुरी कमर्सियल बैंकबीच गत साउन १५ मा मर्जर सम्झौता भएको थियो। प्रभु बैंकले पनि शुक्रबार सूचना जारी गर्दै एकीकृत कारोबार हुनअघि डाटा माइग्रेसन प्रयोजनका लागि चार दिन सम्पूर्ण सेवा बन्द हुने जनाएको छ।

बैंकले जारी गरेको सूचनाअनुसार शुक्रबार राति १० बजेदेखि २६ गते बिहान १० बजेसम्म दुवै बैंकले विभिन्न शाखाबाट प्रदान गर्दै आइरहेको सम्पूर्ण सेवा बन्द रहने जनाएका हुन्। प्रभु बैंकको चुक्ता पुँजी रु १२ अर्ब ७० करोड छ भने सेञ्चुरी बैंकको चुक्ता पुँजी रु नौ अर्ब ५५ करोड छ।

# एक हजार शय्याको बाल अस्पताल बनाउन मन्त्रालय लागेको छ : सचिव पोखरेल

काठमाडौँ, २२ पुस (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले कान्तिबाल अस्पताललाई एक हजार शय्याको अतिविशिष्टीकृत बाल अस्पताल बनाउन मन्त्रालय लागिपरेको बताउनुभएको छ।

शुक्रबार यहाँ आयोजित कान्ति बालअस्पतालको ६१औँ वार्षिकोत्सव कार्यक्रममा गुरुयोजनाअनुसार नै अस्पतालको स्तरोन्नतीका लागि मन्त्रालयले काम गरिरहेको बताउनुभयो। यसका लागि आवश्यक कर्मचारी दरबन्दीका लागि समेत अर्थ र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र पठाएको उहाँको भनाइ छ।

“अस्पतालमा नर्सिङ जनशक्तिको अभाव कायमै छ, आवश्यक कर्मचारी दरबन्दीका लागि अर्थ र सामान्य प्रशासन मन्त्रालयमा पत्र पठाइसकेका छौँ”, उहाँले भन्नुभयो।

सेवाग्राहीको बढ्दो चापअनुसार सेवा उपलब्ध गराउन आवश्यक कर्मचारी दरबन्दी थप गर्न अर्थ मन्त्रालयबाट सहमति जुटाउने प्रयास भइरहेको मन्त्रालयकै सचिव देवकुमारी गुरागाईंले बताउनुभयो। उहाँले भन्नुभयो, “अर्थ र सामान्य प्रशासन मन्त्रालयबाट सहमति ल्याउनका लागि तपाईंहरुको साथ चाहिएको छ।”

अस्पतालका निर्देशक डा युवानिधि बसौलाले राष्ट्रिय बाल स्वास्थ्य अध्ययन संस्थानका रुपमा विकास गर्न र एक हजार शय्याको अस्पताल बनाउन विस्तृत परियोजना प्रतिवेदन (डीपीआर)को काम भइरहेको जानकारी दिनुभयो।

वार्षिकोत्सवका अवसरमा अस्पताल परिसरमा ‘वाटर भेन्डिङ मेसिन’ (वाटर एटिएम) सुरुआत गरेको छ। वाटर एटिएमबाट रू एकमा चिसो र तातो पिउने पानी उपलब्ध हुन्छ।

कूल ५२ शय्याको आकस्मिक कक्ष सुरु गर्न १५ जना स्टाफ नर्स र १० जना सिनियर मेडिकल अफिसर (एमओ) गरी दरबन्दी ८३ पुऱ्याउन अस्पतालले मन्त्रालयलाई आग्रह गर्दै आएको छ।

कार्यक्रममा चिकित्सा विज्ञान प्रतिष्ठान वीर अस्पतालका उपकुलपति प्रा डा डीएन शाहले हरेक प्रदेशमा एउटा बाल अस्पताल निर्माण गर्नुपर्ने बताउनुभयो। सन् १९६३ मा ५० शय्याबाट सुरु भएको कान्तिबाल अस्पतालमा अहिले तीन सय ३० शय्याबाट सेवा प्रवाह भइरहेको छ।

अस्पतालले आर्थिक वर्ष २०७८/७९ मा एक लाख १६ हजार चार सय ५३ जनालाई बहिरङ्ग सेवा उपलब्ध गराएको थियो। साथै उक्त अवधिमा अस्पतालबाट ४४ हजार आठ सय ९२ जनाले आकस्मिक सेवा र दुई हजार पाँच सय २६ जनाले सर्जरी सेवा लिएका थिए।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# भुक्तानी सेवा दिने कम्पनीको अनुमतिपत्रसम्बन्धी व्यवस्था संशोधन

काठमाडौँ, २२ पुस (रासस) ।
नेपाल राष्ट्र बैंकले 'भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने अनुमति नीति, २०७९' जारी गरेको छ । यसअघि कार्यान्वयनमा रहेको 'भुक्तानीसम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रलाई प्रदान गरिने अनुमति नीति, २०७३' लाई संशोधन गर्दै राष्ट्र बैंकले नयाँ व्यवस्था ल्याएको हो ।

कुनै वस्तु, सेवा, सम्पत्ति वा दायित्वबापतको रकम विद्युतीय माध्यमबाट कारोबार गर्नका लागि भुक्तानी कम्पनीहरुले मध्यस्थता गर्दछन् । स्वदेश तथा विदेशमा समेत हुने यस्तो कारोबारको दायित्व भुक्तानीका लागि सेवा दिन विभिन्न कम्पनीहरुलाई नेपाल राष्ट्र बैंकले अनुमति दिँदै आएको छ ।

त्यस्तै, राष्ट्र बैंकबाट अनुमति पाएका बैंक तथा वित्तीय संस्थाले पनि भुक्तानी सेवा दिने कम्पनीका रुपमा काम गरिरहेका छन् । बैंक तथा वित्तीय संस्था बाहेकको हकमा एउटा संस्थालाई भुक्तानी सेवा प्रदायक वा भुक्तानी प्रणाली सञ्चालकमध्ये कुनै एक प्रकारको मात्र काम गर्न पाउने गरी अनुमति दिइने व्यवस्था रहेको छ ।

नयाँ व्यवस्थाले मुख्यगरी भुक्तानी सेवा दिने कम्पनीको चुक्ता पूँजी र वैदेशिक लगानी ल्याउने कम्पनीहरुका लागि त्यसको निश्चित सीमा निर्धारण गरिदिएको नेपाल राष्ट्र बैंकका सहायक प्रवक्ता नारायणप्रसाद पोखरेलले जानकारी दिनुभयो । "भुक्तानी सेवा दिने कम्पनीको लाइसेन्स लिंदा निश्चित पूँजी कायम गर्नुपर्ने र यदि त्यस्ता कम्पनीमा विदेशी लगानी ल्याउने हो भने निश्चित प्रतिशत सिलिङ तोकिएको छ", पोखरेलले भन्नुभयो ।

नयाँ नीतिले भुक्तानी कार्डबाहेक अन्य उपकरणहरु सञ्चालन गर्ने संस्थाका लागि रु पाँच करोड र भुक्तानी कार्डसहित अन्य उपकरणहरुसमेत सञ्चालन गर्ने संस्थाका लागि रु २५ करोड चुक्ता पूँजी कायम गर्नुपर्ने व्यवस्था राखेको छ । त्यस्तै, भुक्तानी प्रणाली सञ्चालक (पेमेन्ट सर्भिस अपरेटर)का लागि रु १० करोड चुक्ता पूँजी कायम गर्नुपर्ने व्यवस्था यसअघि रहेकामा त्यसलाई रु ४० करोड बनाइएको छ ।

नेपालमा जारी भएको भुक्तानी उपकरणमार्फत् नेपाल बाहिरसमेत भुक्तानी कारोबार हुनेगरी सञ्चालन भएका संस्थाका लागि रु ८० करोड चुक्ता पूँजी आवश्यक पर्नेछ । यस्तो चुक्ता पूँजी यसअघि रु २५ करोड थियो । सेवा प्रदायक र सञ्चालक कम्पनीहरुका लागि तोकिएको चुक्ता पूँजीको सीमा २०८५ साल असार मसान्तसम्म कायम गरिसक्नुपर्नेछ ।

बैंक तथा वित्तीय संस्थाहरु र विदेशमा स्थापना भई नेपालमा भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई भने न्यूनतम चुक्ता पूँजीसम्बन्धी व्यवस्था लागू हुनेछैन । विदेशमा स्थापना भई १० वा सोभन्दा बढी मुलुकमा भुक्तानीसम्बन्धी कार्य गरिरहेका संस्थाले नेपालमा कारोबार गर्न चाहेमा छुट पाउनेछन् । त्यस्ता कम्पनीलाई चुक्ता पूँजी, जनशक्तिसम्बन्धी व्यवस्था, आवेदन दस्तुर र धरौटीलगायतका व्यवस्था छुट दिइने राष्ट्र बैंकले जनाएको छ ।

त्यस्तै, यस्ता कम्पनीमा प्रत्यक्ष वैदेशिक लगानीसमेत भित्र्याउन पाइनेछ । "भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रका लागि निवेदन पेस गर्ने संस्था वा हाल अनुमति प्राप्त संस्थाले राष्ट्र बैंकको स्वीकृति लिएर विदेशी फर्म, कम्पनी वा संस्थाबाट लगानी भित्र्याउन सक्नेछन् । यस्तो लगानी रकम अनुमतिपत्र प्राप्त संस्थाको चुक्ता पूँजीको १५ प्रतिशतभन्दा बढी हुनेछैन", नयाँ नीतिमा भनिएको छ । प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने अनुमति पाएका संस्थाले त्यस्तो लगानी स्वीकृत भएको मितिले तीन वर्षभित्र सर्वसाधारणमा शेयर जारी गरिसक्नुपर्नेछ ।

भुक्तानी सेवा प्रदायक र सञ्चालकहरुले राष्ट्र बैंकबाट लाइसेन्स पाएको मितिले पाँच वर्षसम्म संस्थापक शेयर खरिद बिक्री गर्न पाउने छैनन् । त्यस्तै, संवैधानिक पदधारण गरेको व्यक्ति वा सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचनमा निर्वाचित व्यक्ति यस्ता कम्पनीको सञ्चालक समितिमा बस्न नपाउने व्यवस्था पनि नीतिमा राखिएको छ । भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरु एक आसमा गाभिन (मर्जर) वा एउटा संस्थाले अर्को संस्थालाई प्राप्ति (एक्विजिसन) समेत गर्न सक्नेछन् ।

दूरसञ्चार कम्पनीहरुले पनि आफ्नो सहायक कम्पनीमार्फत भुक्तानी सेवा प्रदायकको कार्य गर्न सक्नेछन् । यस्तो सेवा दिन चाहने दूरसञ्चार सेवा प्रदायक कम्पनीले आफ्नो सेवा तथा शुल्कमा विभेदरहित पहुँच प्रदान गर्ने प्रतिबद्धता पेस गर्नुपर्नेछ ।

# आकर्षक रोजगारीको प्रलोभनमा परी दक्षिण अफ्रिका नजान अनुरोध

काठमाडौँ, २२ पुस (रासस) ।
दक्षिण अफ्रिकास्थित नेपाली दूतावासले नेपाल सरकारको प्रचलित कानुनबमोजिम श्रम स्वीकृति लिएर मात्र त्यहाँ जान अनुरोध गरेको छ ।

दक्षिण अफ्रिकाको सरकारी राजपत्रअनुसार विशेष ज्ञान, सीप आवश्यक पर्ने एक सय ४० किसिमको दक्ष जनशक्तिको पदमा स्वदेशी नागरिकबाट पदपूर्ति नहुने अवस्थामा मात्र विदेशी नागरिकलाई रोजगारमा लिने कानुनी व्यवस्था छ ।

त्यस्ता पदहरुमा वैदेशिक रोजगारमा दक्षिण अफ्रिका जाँदा नेपाल सरकारको प्रचलित कानुनबमोजिम श्रम स्वीकृति लिएर मात्र जान दूतावासले अनुरोध गरेको छ ।

दक्षिण अफ्रिकामा आकर्षक तलब, सुविधासहितको पदमा काम लगाइदिने एवं त्यहाँबाट युरोप, अमेरिका जान सहज हुने भ्रममा पारी नेपाली नागरिकहरुबाट लाखौं रुपैयाँ लिने गरिएकोप्रति दूतावासले ध्यानाकर्षण भएको जनाएको छ ।

त्यस्ता नेपाली नागरिकहरुलाई भारतको विभिन्न सहरहरु (नयाँ दिल्ली, मुम्बई), संयुक्त अरब इमिरेट्स, कतार तथा तान्जानिया, मोजाम्बिक, केन्या, मलवी, मौरिसस, रुवाण्डा, कङ्गोलगायत मुलुक हुँदै दक्षिण अफ्रिकामा ल्याई अलपत्र पारी छोड्ने घटना भइरहेका छन् । कतिपय अवस्थामा ती ट्रान्जिट मुलुकहरुमा नै विषम परिस्थितिमा छोडिदिने घटनाहरु बढ्दै गएको दूतावासले जनाएको छ ।

वैदेशिक रोजगारमा लगाइदिने वा यस्तै अन्य प्रलोभनमा पारी ठूलो रकम लिई कुनै व्यक्तिलाई विदेशमा ल्याई अलपत्र पार्ने कार्यमा संलग्न हुने कार्य कानुनबमोजिम दण्डनीय भएकाले यसखाले गैरकानुनी कार्यहरु नगर्न/नगराउन र यसतर्फ सचेत रहन दूतावासले अनुरोध गरेको छ ।

भारतमा रहेको दक्षिण अफ्रिकाको उच्चायुक्त र कन्सुलेट जनरलबाट जारी हुने पर्यटक भिसा पर्यटन भ्रमणमा दक्षिण अफ्रिका आउने प्रयोजनका लागि मात्र भएको हुँदा सो भिसाका आधारमा यहाँ रोजगारीजन्य काममा संलग्न हुन पाइँदैन ।

पर्यटक भिसामा आएर कुनै पनि किसिमको रोजगारीमा संलग्न हुने कार्य गैरकानुनी भएकाले त्यस्तो कार्यमा संलग्न व्यक्तिहरुलाई सम्बन्धित दक्षिण अफ्रिकी निकायले पक्राउ गरी कानुनबमोजिम दण्ड, जरिवाना गराई देश निकाला गर्ने गरेको छ ।

कुनै पनि मुलुक जानका लागि सम्बन्धित मुलुकको भिसा आवश्यक पर्ने हुँदा दक्षिण अफ्रिकाबाट युरोप, अमेरिका लगायतका देशहरुमा जान सजिलो हुने विषय भ्रामक र मिथ्या भएकाले भिसासम्बन्धी जानकारीका लागि सम्बन्धित देशको नियोग वा ती मुलुकहरु हेर्ने विदेशस्थित नेपाली नियोगहरुमा सम्पर्क गरी आधिकारिक जानकारी लिन उपयुक्त हुने दूतावासले जनाएको छ ।

## *पुसी पूर्णिमाको ...*

नगरपालिका, छिन्नमस्ता गाउँपालिका, राजगढ गाउँपालिका, विष्णुपुर गाउँपालिका, महादेवा गाउँपालिका, तिरुहुत गाउँपालिका, बलान बिहुल गाउँपालिका, तिलाठी कोइलाडी गाउँपालिका लगायत आधा दर्जन बढी पालिकाले शुक्रवार सार्वजनिक विदा समेत दिएको हो ।

पूर्णिमाको अवसरमा सप्तकोशी लगायत विभिन्न नदी जलाशयहरुमा शुक्रवार हजारौ श्रद्धालुहरुले स्नान गरेका छन् । सुनसरी र सप्तरीको सिमामा पर्ने सप्तकोशी नदीमा श्रद्धालु भक्तजनको सर्वाधिक भीड देखियो । यहाँ एक दिने पूर्णिमा मेला समेत लागेको छ ।

पूर्णिमाका दिन नदीमा नुहाउनाले पाप कट्ने र पुण्य प्राप्ति हुने धार्मिक मान्यता रहेकाले अत्याधिक चिसोका वावजुद सप्तकोशी नदीमा (डुबुल्की) स्नान गर्न ५० हजार भन्दा बढी श्रद्धालु भक्तजन पुगेको हनुमाननगर कंकालिनी नगरपालिकाका नगरप्रमुख विरेन्द्र माझीले बताए ।

सप्तकोशी नदीमा पूर्णिमा स्नानका लागि सुनसरी र सप्तरीका मात्र होइन । छिमेकी राष्ट्र भारतको भिमनगर, विरपुर, सिम्राही, कर्जाईन, फारबिसगन्ज, सहर्षासम्मका वृद्धवृद्धा, बालबालिका तथा महिला पुरुषको भिड लागेको स्थानीयवासी गंगा साहले बताए । यहाँ लाग्ने एक दिने मेलालाई कृषि मेलाको रुपमा समेत चिनिदै आएको छ । मेलामा कृषि औजारहरुका साथै घरेलु प्रयोजनमा प्रयोग हुने हस्तनिर्मित सामाग्रीहरुको खरीद बिक्रीका लागि समेत महत्वपूर्ण मानिन्छ ।

# त्रिपन्न खर्ब पुग्यो बैंक तथा वित्तीय संस्थाको निक्षेप

काठमाडौँ, २२ पुस (रासस) ।
बैंक तथा वित्तीय संस्थामा रु ५३ खर्बभन्दा बढी निक्षेप सङ्कलन भएको छ ।

नेपाल राष्ट्र बैंकको पछिल्लो विवरणअनुसार पुस २० गतेसम्म बैंक तथा वित्तीय संस्थामा रु ५३ खर्ब दुई अर्ब निक्षेप सङ्कलन भएको हो । पुस १९ सम्म वाणिज्य बैंक विकास बैंक र फाइनान्स कम्पनीसँग रु ५२ खर्ब ९५ अर्ब निक्षेप रहेकोमा पुस २० गते रु ५३ खर्ब २ अर्ब पुगेको हो । गत मङ्सिरको अन्तिमसम्ममा रु ५२ खर्ब हराहारीमा रहेको निक्षेप सङ्कलन पछिल्लो समय बढ्न थालेको हो । राष्ट्र बैंकको तथ्याङ्कअनुसार वाणिज्य बैंकमा मात्रै रु ४६ खर्ब ७५ अर्ब निक्षेप सङ्कलन भएको छ ।

पुस २० गतेसम्म बैंक तथा वित्तीय संस्थाले रु ४७ खर्ब ६७ अर्ब बराबरको कर्जा लगानी गरेका छन् । यस अवधिमा बैंक तथा वित्तीय संस्थाको औसत सिडी रेसियो ८६ दशमलव ५६ प्रतिशत छ । बैंकमा लगानीयोग्य रकम बढेकै कारण अन्तर बैंक सापटीको ब्याजदर पनि घटेर ६ दशमलव ८३ प्रतिशत पुगेको छ ।

# विश्व समाचार

## धार्मिकस्थल द्वन्द्वमुक्त हुनुपर्नेमा चीनको जोड

संयुक्त राष्ट्रसङ्घ, २२ पुस (रासस सिन्ह्वा) ।
चीनले संसारका सबै धार्मिकस्थल द्वन्द्वमुक्त हुनुपर्नेमा जोड दिएको छ । इजरायली रक्षामन्त्री इटामार बेनगवीरले पूर्वी जेरुसेलमको अलअक्सा मस्जिद परिसरको भ्रमण गरेपछि उत्पन्न तनावलाई लिएर चीनले धार्मिकस्थल विवादमुक्त हुनुपर्नेमा जोड दिएको हो ।

संयुक्त राष्ट्रसङ्घका लागि चीनका स्थायी प्रतिनिधि झाङ जुनले सुरक्षा परिषद्को बिहीबारको बैठकमा पवित्र स्थललाई लिएर इजरायल-प्यालेस्टाइन तनाव बढेकामा गहिरो चिन्ता व्यक्त गर्दै त्यसलाई रोक्ने प्रयासका निम्ति आह्वान गर्नुभयो । उहाँले तनाव बढ्न नदिन सम्बन्धित पक्षहरूलाई संयमित हुन आग्रह गर्नुभयो ।

"चीन पवित्रस्थलमा शान्ति कायम होस् भन्ने चाहन्छ र त्यसका लागि आह्वान गर्दछ । थप तनाव बढ्न नदिन सरोकारवाला पक्षलाई शान्त र संयमित रहन आग्रह गर्दछ," परिस्थितिलाई बिगार्ने गतिविधि कुनै पक्षबाट हुनुहुनेमा जोड दिँदै राजदूत झाङले भन्नुभयो । चीन अन्तर्राष्ट्रिय विधिको शासन कायम राख्न तथा जेरुसेलममा भएको अन्तर्राष्ट्रिय सहमतिको पालना गर्ने पक्षमा रहेको स्पष्ट गर्नुभयो ।

प्यालेस्टिनी क्षेत्रको जनसाङ्ख्यिक संरचना परिवर्तन गर्ने उद्देश्यले हुने सबै कामप्रति चीनको असहमति रहेको बताउँदै चिनियाँ स्थायी प्रतिनिधिले सन् १९६७ को सहमतिअनुसार पूर्ण सार्वभौम र स्वतन्त्र प्यालेस्टाइन राज्यको स्थापना हुनुपर्ने चीनको अभिमत प्रकट गर्नुभयो । अन्तर्राष्ट्रिय समुदायले तत्काल दुई राज्य समाधानको आधारमा प्यालेस्टाइन र इजरायलीबीचको शान्ति वार्तालाई यथाशीघ्र पुनः सुरु गर्नुपर्ने बताउँदै उहाँले प्यालेस्टाइनको शान्तिपूर्ण सहअस्तित्वलाई अस्वीकार गर्न नहुने उल्लेख गर्नुभयो । उहाँले त्यसनिम्ति अन्तर्राष्ट्रिय समुदायले रचनात्मक भूमिका निर्वाह गर्नुपर्ने दोहोऱ्याउनुभयो ।

## विश्वबाट दुई तिहाई हिमनदी लोप हुँदै

न्युयोर्क, २२ पुस (रासस एपी) ।
विश्वका हिमनदीहरू वैज्ञानिकहरूले सोचेभन्दा चाँडो लोप हुने अवस्थामा पुगेका छन् । जलवायु परिवर्तनका कारण दुई तिहाइ हिमनदी यो शताब्दीको अन्त्यसम्ममा अस्तित्वबाटै विलिन हुने एउटा नयाँ अध्ययनले देखाएको छ ।

यदि विश्वले भविष्यको तापक्रमलाई एक डिग्रीको सेरोफेरोमा सीमित गर्न सकेमा हिमनदीलाई जोगाउँन सकिने छ तर अन्तर्राष्ट्रिय लक्ष्यहरू पूरा गर्न प्राविधिक रूपमा सम्भव भए पनि त्यो असम्भव हुने वैज्ञानिकहरूले बताएका छन् ।

तापक्रम वृद्धिका कारकलाई नियन्त्रण गर्न औद्योगिक राष्ट्र प्रतिबद्ध नभए अन्तर्राष्ट्रिय लक्ष्य हासिल गर्न असम्भव प्रायः छ । सम्म सन् २१०० सम्ममा विश्वका आधाभन्दा कम हिमनदी हराउने सोही अध्ययनका लेखकहरूले जनाएका छन् । अध्ययनअनुसार प्रायः साना तर प्रख्यात हिमनदी लोप हुँदै गएका छन् ।

सबैभन्दा विषम स्थितिमा विश्वका ८३ प्रतिशत हिमनदी सन् २१०० सम्ममा हराउने सम्भावना रहेको बिहीकार सार्वजनिक भएको 'साइन्स जर्नल'मा उल्लेख छ ।

ग्रिनल्याण्ड र अन्टार्कटिका बाहेक भूमिमा आधारित विश्वका दुई लाख १५हजार हिमनदीमाथि विगतकोभन्दा गहन ढङ्गले गरिएको अध्ययनले ती नदी लोपको सँघारमा पुगेको देखाएको हो । हिमनदी पग्लिएसँगै समुद्रको सतहमा पनि वृद्धि हुनेछ ।

## तेत्तीस लाख अमेरिकी प्राकृतिक प्रकोपबाट विस्थापित

वासिङ्टन, २२ पुस (रासस एपी) ।
तेत्तीस लाख अमेरिकी वयस्क प्राकृतिक प्रकोपबाट विस्थापित भएका एक सर्वेक्षणले देखाएको छ । अमेरिकी जनगणना ब्यूरोका अनुसार देशको १.३ प्रतिशतभन्दा बढी वयस्क जनसङ्ख्या गत वर्ष प्राकृतिक प्रकोपबाट विस्थापित भएको थियोभने आधाभन्दा बढी स्थानान्तरण हुन बाध्य भएका थिए ।

बिहीबार सार्वजनिक भएको दुई वर्ष पुरानो अनलाइन सर्वेक्षणले ३३ लाख अमेरिकी वयस्क आँधी, बाढी, आगलागीलगायत प्राकृतिक प्रकोपबाट विस्थापित भएका देखाएको हो । प्राकृतिक प्रकोपबाट भएका विस्थापनबारे पहिलो पटक सर्वेक्षणमा प्रश्नावली समावेश गरिएको थियो । अमेरिकाका केही राज्य अरू भन्दा बढी प्रभावित भएका, सबैतिर एकै प्रकारको विपत्तिको सामना गर्नुनपरेको, फ्लोरिडामा करिब १० लाख प्रभावित भएका थिए । उक्त राज्यका हरेक १७ जनामा एक जना विस्थापित भएका थिए ।

सर्वेक्षणअनुसार निकाले तूफानले देशका विभिन्न भागमा चार लाख नौ हजारभन्दा बढीलाई सुरक्षित स्थानमा स्थानान्तरण हुन बाध्य पारेको थियो । प्राकृतिक प्रकोपबाट सबैभन्दा इन्डियाना, नर्थ डकोटा, ओहायो र ओक्लाहोमा प्रभावित रहे । विस्थापित भएका ३३ लाखमध्ये एक तिहाइभन्दा बढी एक साताभन्दा कम समयका लागि आफ्नो घरबाट बाहिर थिए भने हरेक छ जना मध्ये एक जना कहिल्यै आफ्नो घर फर्केनन् ।

# सहकारीहरुसँग समन्वयकारी भूमिकाका साथ अगाडी बढ्ने : प्रदेशसभा सदस्य यादव




**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

मधेश प्रदेशसभा सदस्य महेश प्रसाद यादवले जिल्लाका सहकारीहरुसँग समन्वयकारी भूमिकाका साथ अगाडी बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

राजविराजस्थित जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २१ वार्षिक साधारणसभा एकाई बैठकको शुक्रबार उद्घाटन गर्दै उनले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

उनले सहकारी संस्थाहरुले समुदायलाई पु¥याइरहेको योगदानको चर्चा गर्दै आगामी दिनहरुमा यसको विकास एंव सम्वर्द्धनका लागि आफू कटिबद्ध रहेको बताए । लामो समयदेखी मुलुकमा वित्तिय संस्थाहरुले सर्वसाधारणलाई ऋण नदिइरहेको बेला सहकारी संस्थाहरुले उनीहरुको आवश्यक बुझेर ऋण प्रवाह गर्नु सह्रानिय रहेको उल्लेख गर्दै ती संस्थाहरुले सामाजमा पु¥याएको योगदानको कदर गर्नु पर्ने बताए ।

सोही उद्घाटन सत्रमा राष्ट्रिय सहकारी बैंकका संचालक एवं मधेश प्रदेश संयोजक विश्वनाथ मण्डलले मधेश प्रदेश सरकारले बितेको पाँच वर्ष सम्ममा पनि सहकारी ऐन पारित गर्न नसक्नु सम्पूर्ण सहकारी संस्थाहरुको अहितमा रहेको बताउँदै यसप्रति पहल गरिदिन प्रदेशसभा सदस्य यादवलाई ध्यानाकर्षण समेत गराए । सहकारी ऐन पारित नहुँदा संस्थाहरुको अन्य गतिविधि समेत प्रभावित भइरहेको उनको भनाई थियो ।

यस्तै राष्ट्रिय सहकारी बैंक राजविराजका प्रबन्धक चन्द्रमणि भट्राईले राष्ट्रिय सहकारी बैंकले अन्य वित्तिय संस्थाहरु झै कारोबारका लागि एटिएम, एसएमएस, फण्ड ट्रान्सफर लगायतका सुविधा उपलब्ध गराएको हुँदा सो सुविधाहरु आउँदो दिनमा सहकारीहरुलाई सूचारु गर्न सुझाव समेत दिए ।

सभामा जिल्ला सहकारी संस्था सप्तरीका प्रबन्धक रमेश गुप्ताले जिल्लामा निर्माणाधिन रहेको कोल्ड स्टोरको कामलाई सूचारुका लागि सम्पूर्ण सहकारी संस्थाहरुको एउटै धारणा र पहल आवश्यक रहेको भन्दै यसप्रति प्रदेश सरकारको पनि ध्यान पुग्नु आवश्यक रहेको बताए ।

संस्थाका अध्यक्ष सचिन्द्र दासको अध्यक्षतामा आयोजित उद्घाटन सत्रमा पत्रकार नवीनकुमार गुप्ताले शुभकामना मन्तव्य, स्वागत मन्तव्य संस्थाका संचालक सदस्य देवनारायण चौधरी तथा कार्यक्रम संचालन संस्थाका व्यवस्थापक राजकुमार देवले गरेका थिए ।

सभामा अध्यक्षीय प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष दासले आ.ब. २०७९ असार मासन्तसम्म संस्थाले ६५ लाख ६४ हजार ८ सय १६ रुँपैयाको शुद्ध बचत गरेको उल्लेख गरिएको छ । त्यस्तै आ.ब. २०७८/७९ मा ८७ करोड ६१ लाख ३७ हजार ६ सय ६२ निक्षेप संकलन, ८६ करोड ४५ लाख ९६ हजार २ सय ४० निक्षेप फिर्ता, २७ करोड ९६ लाख ५९ हजार ३ सय ३२ ऋण लगानी तथा २३ करोड ९४ लाख ७३ हजार ७ सय ५९ ऋण असुली गरिएको जनाइएको छ ।

# घुस लिएको अभियोगमा मुद्दा दायर

काठमाडौँ, २२ पुस (रासस) ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला प्रशासन कार्यालय पर्साका कम्प्युटर अपरेट सञ्जयप्रसाद यादवविरुद्ध शुक्रबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

रोक्का रहेको जग्गा फुकुवा गर्न सहजीकरण गरिदिने भन्दै यादवले सेवाग्राहीसँग रू ११ हजार बराबरको घुस लिएको पाइएको छ । आयोगले यादवलाई गत असोज ३१ मा कार्यालय परिसरबाटै पक्राउ गरेको थियो ।

आयोगका अनुसार अपरेटर यादवले दुई पटक गरी रु ११ हजार बराबरको घुस लिएको पाइएको छ । आयोगका सहायक प्रवक्ता देवीप्रसाद थपलियाका अनुसार आरोपितलाई बिगोबमोजिम सजायको माग दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको हो ।

# लगत संकलन अघि बढाउन स्थानीय तहलाई भूमि आयोगको आग्रह

काठमाडौँ, २२ पुस (रासस) ।

राष्टि्रय भूमि आयोगले भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई स्थानीय तहमा आवेदन दिन आग्रह गरेको छ । आयोगले तोकेको ढाँचामा आवेदन दिन सम्वद्ध पक्षलाई आग्रह गरेको छ ।

आयोगका उपाध्यक्ष नहेन्द्र खडकाका अनुसार स्थानीय तहका वडामा तोकिएका स्थानमा खटिएका लगत सङ्कलकमार्फत् आवेदन दिन अनुरोध गरिएको हो ।

उहाँका अनुसार ताप्लेजुङ जिल्लाको पाथीभरा याङवरक गाउँपालिका, पक्ताङलुङ गाउँपालिका, मौवाखोला गाउँपालिका, उदयपुरको रौतामाई गाउँपालिका, रामेछापको मन्थली नगरपालिका, काठमाडौँको दक्षिणकाली र कागेश्वरी नगरपालिका, हुम्लाको अदानचुली, सिमकोट, नाम्खा र खार्पुनाथ गाउँपालिका र बैतडीको दोगडा केदार गाउँपालिकामा यही पुस २३ देखि ३५ दिनभित्र लगत सङ्कलकमार्फत् आवेदन दिन आयोगले आग्रह गरेको हो ।

आयोगले स्थानीय तहले विभिन्न कारण देखाई लगत सङ्कलनको काम नगरेको पाइएपछि पुनः ३५ दिने सूचना प्रकाशित गरेको छ । उपाध्यक्ष खड्काअनुसार पाँचथरका सात स्थानीय तह, इलामको एक, ताप्लेजुङको पाँच, मोरङको तीन, सिराहाको दुई, सर्लाहीको चार, पर्सा, महोत्तरी, काठमाडौँ, तनहुँ र दाङका एक एक स्थानीय तहले लगत सङ्कलन गरेका छैनन् ।

रुपन्देहीका पाँच, रोल्पाका चार, रुकुमपूर्वका दुई, पाल्पाको छ, बाजुराको नौ, अछाम, कैलाली र कञ्चनपुरका एक एक स्थानीय तहले पनि लगत सङ्कलन गरेका छैनन् । ती स्थानीय तहलाई तत्काल लगत सङ्कलनको काम अगाडि बढाउन आग्रह गरिएको उपाध्यक्ष खड्काले जानकारी दिनुभयो ।

आयोगले हालसम्म एक हजार एक सय ९२ पुर्जा वितरण गरेको छ । यस्तै, छ सय ८३ स्थानीय तहसँग लगत सङ्कलनका लागि आवश्यक सम्झौता गरेको छ । आयोगमा हालसम्म सात लाख १८ हजार आठ सय आठ जनाको लगत प्रविष्ट भएको छ ।

## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

## डा. कालीप्रसाद यादव

**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

**MBBS, MD (BPKIHS) NMC NO. 19992**

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

## लिङ्ग छनौट गरी गर्भपतन गर्नु अपराध हो।

- लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभेद गरी सन्तान जन्माउने कार्य नगरौं, नगराऔं।
- प्रविधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो। त्यस्ता कार्य गर्नु वा गराउनु हुँदैन।
- चिकित्सकले समेत त्यस्ता कार्यलाई निरुत्साहित गरी चिकित्सा पेसालाई मर्यादित बनाऔं।
- विभेदरहित समाजको निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*